COLORADO
Department of Public Health & Environment

कोभिड-१९

अल्पकालीन रेन्टलहरूका लागि मार्गदर्शन

रेन्टल क्षेत्र	मालिकहरू/व्यवस्थापकहरू	पाहुनाहरू
• पाहुनाहरूको आगमन र उनीहरूको बसेको अवधिमा सजिलै पहुँच हुने गरी हाते स्यानिटाइजर र/वा साबुन पानी प्रदान गर्नुहोस्। • पाहुनाहरूलाई प्रयोग गर्ने निर्देशनहरू सहित सफाई र /वा किटाणुनासन उत्पादनहरू प्रदान गर्नुहोस्। • सिडिसिका मार्गदर्शनहरू अनुसार, सफाइका लागि परिसरमा प्रवेश गर्नु अघि २४ घण्टा पर्खिनुहोस्। यदि २४ घण्टा व्यावहारिक नभए, सम्भव भएसम्मको लामो अवधि पर्खिनुहोस्। • यदि सम्भव छ भने, नियमित रूपमा सफा गर्न नसकिने साझा प्रयोग भएका वस्तुहरू हटाउनुहोस् (जस्तै, अतिरिक्त फाल्ने कम्बल, सजाउने सिरानी, वा अन्य नरम वस्तु)। *पाहुनाहरू परिवर्तन भएपिच्छे परिसर उपयुक्त रूपमा*	• पाहुनाहरू, स्टाफ, स्थानीय समुदायसँग अन्तरक्रिया गर्दा कम्तीमा ६ फिटको दूरी कायम गर्नुहोस् र अनुहारको आवरण लगाउनुहोस् (जस्तै प्रवेश/बहिर्गमन)। • सम्पर्कहीन प्रवेश कार्यविधिहरू कार्यान्वयन गरेर यी अन्तरक्रियाहरूलाई न्यूनीकरण गर्ने बारे विचार गर्नुहोस्। • उपयुक्त सफाई र किटाणुनासनका लागि समय सुनिश्चित गर्न एकपछि तुरुन्त अर्को पाहुना नराख्नुहोस् (पाहुनाहरूबीच कम्तीमा २४ घण्टा तय गर्नुहोस्)। • उदार र लचकदार रद्द नीतिहरू प्रदान गर्नुहोस् जसले गर्दा यदि पाहुनाहरूले लक्षण अनुभव गर्दा, रद्द गर्न सकून्। • कुनै मरम्मत सम्भार वा सफाई भएको समयमा	• परिसरभित्र प्रवेश गर्दा पाहुनाहरूलाई आफ्ना जुत्ताहरू फुकाल्न प्रोत्साहित गरिन्छ। • पाहुनाहरूले बारम्बार उनीहरूका हातहरू साबुन र पानीले धुनु पर्नेछ र/वा हाते स्यानिटाइजर प्रयोग गर्नु पर्नेछ। • कोलोराडोभरि सर्वसाधारणमाझ हुँदा पाहुनाहरूले कपडाको अनुहार आवरण लगाउनु पर्नेछ। केही समुदायहरूमा यो जरुरी हुन सक्छ। • कोलोराडो भित्र पाहुनाहरूले आफ्नो समूह/घरपरिवारमा नभएका मानिसहरूसँग कम्तीमा ६ फिटको दूरी कायम गर्नु पर्नेछ। • आफ्नो बसाइको १४ दिन अघिसम्म यदि पाहुनाहरू बिरामी छन् वा कोभिड-१९ बाट बिरामी भएको कुनै व्यक्तिसँगको नजिकको सम्पर्कमा छन् भने पाहुनाहरूले आफ्नो बसाइ रद्द गर्नु पर्नेछ।

सफाई र स्यानिटाइज गरिएको सुनिश्चित गर्ने जिम्मेवारी मालिकहरूको हो। निम्न माथि विचार गर्नुहोस्:

- प्रत्येक परिसरका लागि पूर्ण भएको सुनिश्चित गर्न मद्दत एउटा सफाई रुजूसूची तयार पार्नुहोस् र रेकर्डहरू राख्नुहोस्।
- यदि पाहुनाहरूले परिसर आफैँ सफा गर्छन् भने, पछि अतिरिक्त किटाणुनासन कार्यान्वयन गर्नुहोस्।
- पालना गर्नुहोस् वा यदि कुनै सफाइ सेवासँग करार गर्दै हुनुहुन्छ बने उनीहरूले पनि सिडिसि स्यानिटेसन मार्गदर्शन पालना गरेको सुनिश्चित गर्नुहोस्।
- उपयुक्त व्यक्तिगत सुरक्षा उपकरण(पिपिइ) लगाउनुहोस् वा सफा गर्ने मानिसहरूलाई लगाउन दिनुहोस्।
- विशिष्ट क्षेत्रहरू (शयनकक्ष, बाथरूम, भान्सा) मा विशिष्ट उपकरण प्रयोग गरेर क्रस प्रदूषण निषेध गर्नुहोस्।
- सफाइको अवधि र त्यसपछि परिसरलाई उपयुक्त रूपमा भेन्टिलेट गर्नुहोस्।
- सबै साझा लिनेन, कम्बल, कपडा न्यापकिन, र अन्य कपडाहरूलाई पाहुना फेरिए पिच्छे धुनु पर्नेछ। पाहुनाहरू उपस्थित नभएको सुनिश्चित गर्नुहोस्।
- आफ्नो सम्पत्ति भएका काउन्टीहरू र समुदायहरूमा तथ्याङ्क र मार्गदर्शनहरू नियमित रूपमा जाँच गर्नुहोस्। राज्य बाहिरका वा समुदाय बाहिरका यात्रा निषेध गर्ने वा प्रतिबन्धित गर्ने कुनै पनि स्थानीय मार्गदर्शन बिलम्ब गर्नुहोस् र तदनुरूप आरक्षणहरू चुस्त रूपमा समायोजन गर्नुहोस्।
- आफ्नो सफाई र किटाणुनासनका कदमहरूका विषयमा पाहुनाहरूसँग स्पष्ट सञ्चार गर्नुहोस्।
- कोलोराडोमा सर्वसाधारणमाझ कपडाको मास्क लगाउनु सर्वस्वीकृत मान्यता भएको सूचीत गर्नुहोस् – पाहुनाहरूका लागि सफा मास्कहरू प्रदान गर्ने बारे विचार गर्नुहोस्।
- सम्पूर्ण पाहुनाहरूको सम्पर्क जानकारी सङ्कलन गर्नुहोस् र यदि अनावृत्तीकरण भएको खण्डमा स्थानीय सामुदायिक स्वास्थ्य सम्पर्क ट्रेसिङलाई सहयोग गर्न तयार रहनुहोस्।